# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र अपाङ्गता सम्बन्धि नीति, २०७८

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण निती २०७७
## भीमेश्वर नगरपालिका, चरीकोट दोलखा
## बागमती प्रदेश, नेपाल ।

पारित मिती : २०७८/०१/१५

१. पृष्ठभुमि:

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई आत्मसात गरिएको छ भने यसलाई मौलिक हक र राज्यका निर्देशिक सिद्धान्तहरुमा पनि व्यवस्था गरिएको छ । संविधानले परिकल्पना गरे बमोजिम राज्य संरचनाका सम्पूर्ण तह र निकायहरूमा सबै वर्ग, जात जाति, लिङ्ग र क्षेत्रलाई समावेशीकरणको मान्यता अनुरुप सहभागी गराई सामाजिक समावेशीकरणका मुद्दालाई नीतिगत तथा कानूनीरुपमा थप व्यवस्थित गर्न आवश्यक भएको छ ।

नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकतामा राखिएको छ । यसै कार्यलाई भीमेश्वर नगरपालिकामा कार्यान्वयन गर्न महिला तथा बञ्चितीमा परेको वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न विभिन्न सरोकारवाला निकायहरुले विभिन्न प्रयास गर्दै आइरहेका छन् ।

मुलुक एकात्मक राज्य व्यवस्थाबाट संघात्मक राज्य व्यवस्थामा रुपान्तरण भएको सन्दर्भमा स्थानीय तह र अन्तर्गतमा संचालन हुने योजना तथा कार्यक्रमहरुलाई समय सापेक्षरुपमा समावेशी बनाउनका लागि नगरपालिकाको नीतिबाट मार्गदर्शन गर्नुपर्ने देखिएको छ । यस कार्यका लागि यस नगरपालिकामा विगतमा भएका सार्थक प्रयास तथा असल अभ्यासहरुलाई समेत आत्मसात गर्दै सामाजिक बञ्चितिकरणका वर्तमान विषयहरुलाई समावेशीकरणको अवधारणा बमोजिम सम्बोधन गर्न जरुरी देखिन्छ ।

विकेन्द्रित प्रकृया अनुरुप स्थानीय स्तरको योजना र कार्यक्रम तर्जुमाका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कायम गर्न स्थानीय सरकार सन्चालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र बार्षिक योजना तर्जुमा गर्दा महिला र वालबालिका तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।

नेपालको संविधानले समानताको हक अन्तर्गत सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक,

सीमान्तकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनी यी वर्गका हीतमा विशेष कार्यक्रम संचालन गर्न सकिने भनी व्याख्या गरेको छ ।

## २. बिगतका ब्यबस्थाहरु र प्रयासहरुः

समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतका सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भएका छन् ।

यस भीमेश्वर नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट वक्तव्य समेतमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई प्राथमिकताका साथ सम्वोधन गरिएको छ । महिलासंग उपमेयर कार्यक्रमबाट महिला वर्गको क्षमता विकासमा सहयोग पुगिरहेको छ । नगरपालिकाले लैगिंक हिंसा निवारण कोष २०७७ को स्थापना गरी संञ्चालन गरिरहेको छ ।

महिला, बालबालिका, पछाडि परेको वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न यस भीमेश्वर नगरपालिकाले विगतदेखि प्रयास गर्दै आइरेहेको छ । नगरपालिकाले नगरको बृहत आबधिक योजनामा समेत सुशासन प्रवर्द्धन, वातावरण संरक्षण तथा लैंगिक समानता र समाजिक समावेशीकरणका सवाललाई स्थानीय विकासका सवै पक्षमा मुल प्रवाहीकरण गर्ने प्रमुख रणनीतिका रुपमा लिएको अबस्था छ ।

यस नगरपालिकाको बृहत नगरयोजना, नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु र वडा कार्यालयहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति एकै किसिमको हुनुपर्ने आवश्यक ठानिएको छ । यस नगरपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्ने अन्य विकास साझेदार र सामुदायिक संस्थाहरुबाट सञ्चालन हुने कार्यक्रमहरुले आ आफनो ढंगबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति र रणनीति बनाई कार्यक्रमहरु कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने र कार्यान्वयन गर्न अप्ठयारो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने देखिएकाले यी निकायहरुबाट संचालन हुने कार्यक्रम आयोजनाहरुको लागि मार्गदर्शन हुने भएकाले भीमेश्वर नगरपालिकाले लैङ्गिक समानता

तथा सामाजिक समावेशीकरण नीति बनाउने उद्धेश्य राखी यो नीति तयार गरेको छ । यस नीतिका प्रमुख उपयोगकर्ताहरू नगरकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु र समुदायस्तरका संस्थाहरू हुनेछन् ।

## ३. वर्तमान अवस्था:

आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरु लाई नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । नेपालको संविधानमा नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने व्यवस्था गरिएको छ ।

यस भीमेश्वर नगरपालिकाको घरधुरी सर्वेक्षण २०७५ का आधारमा जम्मा ३६११५ जनसंख्या मध्येमा १८४७७ महिलाको जनसंख्या रहेको छ, ५ बर्ष माथिका महिला र पुरुषको साक्षरता दर क्रमशः ६८ प्रतिशत र ८३ प्रतिशत रहेको । सम्पतीमा (विशेषगरी घर जग्गामा) महिला स्वामित्व २९ प्रतिशत रहेको । जातिगत रुपमा क्रमश क्षेत्री ४०.६४ प्रतिशत, नेवार १४ प्रतिशत, तामाङ १२.५९ प्रतिशत, थामी ११.९८ प्रतिशत, बाह्मण ८.८६ प्रतिशत, कामी २.९५ प्रतिशत र सबैभन्दा कम शेर्पा १.१२ प्रतिशत रहेको छ । धर्मका आधारमा हिन्दु धर्म मान्ने समुदाय ८२.०४ प्रतिशत, बौद्ध धर्म १३.३४ प्रतिशत, इस्लाम ०.११ प्रतिशत र क्रिस्चियन ०.३९ प्रतिशत समुदाय रहेको पाईन्छ । घर तथा जमिनमा महिलाको स्वामित्व २८.८ प्रतिशतमा रहेको पाइएको छ भने अझै पनि ६९.३ प्रतिशतमा स्वामित्व रहेको पाइदैन । त्यस्तैगरी मातृ मृत्यूदर प्रतिलाख जिवित जन्ममा ४ प्रतिशत रहेको छ । यी आँकडाहरुले यस नगरपालिकामा आर्थिक तथा सामाजिक, जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय असमानता अझै विद्यमान रहेको तथ्य समेत दर्शाउँदछन् । यी असमानताहरुलाई सम्बोधन गर्न नगरपालिकाको सबै तह र अंगहरुलाई प्रभावकारीरुपमा परिचालन गर्न आवश्यक देखिएको छ ।

## ४. समस्या तथा चुनौतीहरु:

समग्र नेपाली समाजको उत्थान र सर्वाङ्गिण विकासका लागि सामाजिक समावेशीकरण अपरिहार्य छ । यस भीमेश्वर नगरपालिकाको सन्दर्भमा सामाजिक समावेशीकरणको समस्या तथा चुनौतीहरु मूलतः देहाय अनुसार रहेका छन् ।

### ४.१ समस्याहरु

- नगरपालिकामा सामाजिक समावेशीकरण सम्वन्धी एकिकृत नीति नहुनु,
- सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्कको अभाव रहनु,
- नगरपालिका भित्रको स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्ग एवं क्षेत्रको न्यायोचित पहुँच नहुनु,
- बञ्चितीकरणमा परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिकरुपमा सशक्तीकरण गर्न नसक्नु,
- नगरपालिकाको योजना तर्जुमा प्रक्रिया र निर्णायक तहहरुमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरुको अर्थपूर्ण सहभागिता हुन नसक्नु,
- नगरपालिकाबाट हुने गरेका अनुगमन तथा मूल्याँङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्वन्धी विषय समावेश गर्न नसकिनु,
- विभिन्न लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र जातजातीबीच हुने व्यवहारगत विभेद हट्न नसक्नु,
- घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगारका नाममा हुने ओसार पसार तथा बेचबिखन लगाएत लैङ्गिकतामा आधारित महिला, किसोरी, बालिका प्रति हुने हिंसा कायम रहनु ।
- धार्मिक तथा प्रथा परम्पराका नाममा प्रचलनमा रहेको जस्तै बोक्सी, बालबिवाह, बहुबिवाह, महिला किशोरी तथा बालिका माथी हुने शारिरीक तथा मानसिक हिसां कायमै रहनु ।

## ४.२ चुनौतीहरुः

- सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरुबीच साझा दृष्टिकोण कायम गर्नु,
- नीति कार्यान्वयनमा संलग्न निकायहरुबीच प्रभावकारी समन्वय गर्नु,
- नगरपालिकाको स्रोत साधन, अवसर र लाभमा वञ्चितीकरणमा परेका सबै वर्ग, क्षेत्र र जातजातिको समन्यायिक पहुँच सुनिश्चित गर्नु,
- वञ्चितिमा परेका वर्ग क्षेत्र र जातजातिमा व्याप्त गरिवी घटाउनु ।
- विभिन्न समुदाय तथा वर्गवीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु ।

- नगरपालिकाका योजना छनौट, कार्यान्वयन र अनुगमन जस्ता सबै क्रियाकलापहरुमा लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु ।

## ५. नीतिको आवश्यकता:

यस नगरपालिकामा भएगरेका विभिन्न क्रियाकलापमा समाजिक समावेशीकरणलाई प्रोत्साहन गर्न आवश्यक भएकोले तपशिलमा उल्लेखित कारणहरुले गर्दा यस सामाजीक समावेशीकरण नीतिको आवश्यकता परेको छ ।

- नगरपालिका भित्र समावेशी शासन व्यवस्थाको प्रबर्द्धन गर्न,
- नगरपालिकाका नीति, कानुन, संरचना, कार्यक्रम, योजना र आयोजनाको सवै चरणमा समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्न,
- नगरपालिकाका सवै तहहरुले समावेशीकरणका निमित्त तर्जुमा गर्ने नीति, योजना तथा कार्यक्रमहरूलाई मार्गदर्शन गर्न,
- नगरपालिकाका सबै संरचनाहरु, कार्यक्रमहरु र योजनाहरुमा समावेशीकरण सम्वन्धी नीतिगत एकरुपता र सामन्जस्यता कायम गर्न,
- कानूनी व्यवस्थाहरुको कार्यान्वयनमा सहयोग पुर्याउन,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुपको दायित्व पुरा गर्न,
- नगरपालिकाको साधनस्रोत, लाभ र अवसरहरुबाट वञ्चितीकरणमा परेका सबै वर्ग, लिङ्ग, क्षेत्र, जातजाति र समुदायको पहूँच सुनिश्चित गर्दै लोकतन्त्रका लाभहरुको सबै नागरिकहरुबीच न्यायोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न ।

## ६. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य

### १ दीर्घकालीन सोंच

जातीय, क्षेत्रीय र लैंगिक भेदभाव मुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

### २ लक्ष्य

स्थानीय शासन र सेवामा सवैको अर्थपूर्ण सहभागिता, समानता र न्याय सुनिश्चित गर्ने ।

### ३ उद्देश्य

लैङ्गिक समानता र सामाजिक समाबेशीकरणका सवाललाई नीतिगत रुपमा संवोधन, विकास निर्माण र निर्णय प्रक्रियामा सहभागिता प्रवर्द्धन र स्थानीय संयन्त्रको क्रियाशिलतमा वृद्धि गरी लैंगिक

समानता र सामजिक समावेशीकरण प्रवर्द्धन गर्ने । यसका साथै अन्य उद्देश्यहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

- यस नगरपालिका अन्तर्गतका कार्यपालिकाको कार्यालय, विषयगत शाखा, वडा कार्यालय तथा विकास साझेदार र सामुदायिक संस्थाहरुलाई संस्थागत एवम् कार्यक्रमगत रुपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने । संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई सुनिश्चित एवं प्रभावकारी रूपमा लागू गर्ने;
- महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने, सरोकारवालाहरूलाई वार्षिक/आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही हुन अभिप्रेरित गर्ने,
- स्थानीय जनता विशेष गरी महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको क्षमता विकास गरी यी वर्गहरुलाई स्थानीय तहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।
- यो नीति र रणनीतिको कार्यान्वयनले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई नगरपालिकाको कार्यक्रममा दिगो रूपमा मूलप्रवाहीकरण गर्न मद्दत गर्नेछ ।

## ७. प्रमुख नीतिहरुः

पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि कार्यक्रमहरुलाई कार्यान्वयन गरी समानुपातिक विकास गरिनेछ ।

- विकासलाई सामाजिक समावेशीकरण र लैङ्गीकीकरण गरिदै लगिनेछ ।
- महिला, बालबालिका, दलित, आदिवासी जनजाति, उत्पीडित, विपन्न वर्ग, अपाङ्ग तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागिता तर्फ कार्य गरिनेछ ।
- महिला, बालबालिका, दलित, आदिवासी जनजाति, विपन्न वर्ग तथा पिछडिएको वर्गहरुको सशक्तीकरण गर्दै लगिनेछ ।

- महिला, बालबालिका, आदिवासी जनजाति, मानव अधिकारलगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

## ८. रणनीतिहरु:

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांगी रूपमा हुन सक्तैन । यसका लागि विकेन्द्रित शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रीकरण, सहभागितात्मक विकास र सामाजिक वहस कै प्रक्रियावाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न सकिन्छ । माथीका नीतिहरु पुरा गर्नका लागी नगरपालिकाले तपशिलमा उल्लेखित रणनितीहरु लिएको छ ।

- नीतिगत र कानुनी रुपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सवाललाई संबोधन गर्ने
- नगरको विकास निर्माण र सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई व्यवहारिक कार्यान्वयन गर्ने ।
- सामाजिक समावेशिकण प्रवर्द्धनको भूमिकामा रहेको नगर संयन्त्रलाई क्षमतायुक्त बनाउने ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरबाट प्रवाह गरिने सेवा प्रभावकारिता बढाउने ।
- स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमबाट समावेशी समुहको आर्थिक सशक्तिकरण गर्ने ।

## ९. कार्यनीतिहरु:

- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सन्दर्भमा नेपालको कानूनमा भएको व्यवस्थालाई व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानून निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- नीति तथा कानूनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तय गरी नगरमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरण गरिने छ ।
- बालअधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिने छ
- संविधानको धारा १० मा व्यवस्था भए अनुसार अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ ।
- महिला सशक्तिकरण सम्बन्धि नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सवललाई सबै क्षेत्रका नीति तथा कार्यक्रममा मुल प्रवाहिकरण गर्दै लगिने छ ।

- महिला, बालबालिका, आदिबासी जनजाति, मानव अधिकारलगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्संघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

## ८. रणनीतिहरु:

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांगी रूपमा हुन सक्तैन । यसका लागिं विकेन्द्रित शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रीकरण, सहभागितात्मक विकास र सामाजिक वहस कै प्रक्रियाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न सकिन्छ । माथीका नीतिहरु पुरा गर्नका लागी नगरपालिकाले तपशिलमा उल्लेखित रणनितीहरु लिएको छ ।

- नीतिगत र कानुनी रुपमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको सवाललाई संबोधन गर्ने
- नगरको विकास निर्माण र सेवा प्रवाहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई व्यवहारिक कार्यान्वयन गर्ने ।
- सामाजिक समावेशिकण प्रवर्द्धनको भूमिकामा रहेको नगर संयन्त्रलाई क्षमतायुक्त बनाउने ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत नगरबाट प्रवाह गरिने सेवा प्रभावकारिता बढाउने ।
- स्वरोजगार, रोजगारी र उद्यमशिलताको एकिकृत कार्यक्रमका माध्यमबाट समावेशी समुहको आर्थिक सशक्तिकरण गर्ने ।

## ९. कार्यनीतिहरु:

- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सन्दर्भमा नेपालको कानूनमा भएको व्यवस्थालाई व्यवहारिक कार्यान्वयनका लागि आवश्यक नीति, तथा कानून निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- नीति तथा कानूनी प्रावधानका आधारमा लक्षित कार्यक्रम तय गरी नगरमा लैङ्गिक समानता र महिला तथा किशोरीहरूको सशक्तीकरण गरिने छ ।
- बालअधिकारलाई सुनिश्चित गर्नका लागि आवश्यक नीतिको कार्यान्वयनलाई निरन्तरता दिने छ
- संविधानको धारा १० मा व्यवस्था भए अनुसार अपाङ्गता भएका व्यक्तिहरूको लागि आवश्यक नीति नियम तयार गरी कार्यान्वयन गरिनेछ ।
- महिला सशक्तिकरण सम्बन्धि नीतिगत व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवललाई सबै क्षेत्रका नीति तथा कार्यक्रममा मुल प्रवाहिकरण गर्दै लगिने छ ।

- महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतको विकास निर्माण प्रक्रियामा सहभागिता प्रवर्द्धन गर्नुका साथै महशुस हुने गरी नगरको सेवालाई पहुँचयोग्य बनाइने छ ।
- नगरको राजनीतिक, आर्थिक तथा सार्वजनिक जीवनका सबै निर्णायक तहमा नेतृत्वका लागि महिलाहरूको प्रभावकारी सहभागिता तथा समान अवसर सुनिश्चित गरिनेछ ।
- नगरमा निर्माण हुने हरेक सार्वजनिक संरचना अपांगता मैत्री, बालमैत्री र ज्येष्ठ नागरिक मैत्री बनाइनेछ ।
- दुर्व्यवहार/बेचविखनको जोखिममा परेका महिलाहरूको सुरक्षा र सुरक्षित बसोबासका लागि आवश्यक प्रबन्ध गरिनेछ ।
- आर्थिक, सामाजिक र राजनीतिक गतिविधिहरूमा महिलाहरूको सहभागिता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।
- नगरमा रहेको महिला तथा बालबालिका शाखामा आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।
- महिला तथा बालबालिका शाखालाई प्रविधि मैत्री बनाइनेछ ।
- महिला तथा बालबालिका शाखाका कर्मचारीहरूको क्षमता विकासका कार्यक्रम तय गरी कार्यान्वयन गरिने छ ।
- नगरपालिकाको बजेट तर्जुमामा लैङ्गिक उत्तरदायि बजेट तर्जुमालाई प्राथमिकता दिइने छ, यसरी बजेट तर्जुमा पश्चात लैङ्गिक उत्तरदायि बजेटको परिक्षणलाई नियमितता दिईनेछ ।
- नगरपालिका अन्तर्गत गठित समितीहरुमा ३३ प्रतिशत सामाजिक समावेशीकरण सहभागीतालाई सुनिश्चित गरिने छ ।
- नगरपालिका भित्र कर्मचारीहरु नियुक्त गर्दा ३३ प्रतिशत समावेशी सहभागीतालाई सुनिश्चित गरिने छ ।
- स्तनपान कक्षको व्यवस्था गरिने छ ।
- योजना तर्जुमा प्रकियामा सामाजिक समावेशीतालाई प्राथमिकतामा राखि अनिवार्य सहभागीता सुनिश्चित गरिने छ ।
- तालिम, अनुशिक्षण लगायतका विधि मार्फत महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नगरिक आदिको अधिकार, पहुँच तथा नगरको भूमिका सम्बन्धमा सबै नगर अन्तर्गतका इकाई तथा कर्मचारी बीचमा स्पष्टता ल्याइने छ ।
- नगर भित्र, नगरमा रहेका संघ संस्था तथा समितिमा विभिन्न पक्षको प्रतिनिधत्वको अवस्था, पुर्वाधारहरूको पहुँचयोग्यता, सम्बन्धित पक्षले पाउन सेवा प्रतिको अवधारणा आदि मापदण्ड

बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखाजोखा प्रणालीलाई संस्थागत गरिने छ ।

- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता वितरण थप प्रभावकारी बनाइनेछ ।
- सामाजिक सुरक्षा सेवा प्राप्त गर्ने व्यक्तिहरूको प्रभावकारी तथ्यांक व्यवस्थापन गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।
- ज्येष्ठ नागरिक, दिर्घरोगी तथा अपाङ्गता भएका व्यक्तिको सम्मान र सुरक्षाका लागि पारिवारिक संरक्षणमा जोड दिइने छ ।
- नगरमा रहेका संघ संस्था तथा समितिहरुमा बिभिन्न पक्षको प्रतिनिधित्वको अवस्था, पूर्वाधारहरुको पहुँचयोग्यता र सबन्धीत पक्षले पाउने सेवा प्रतिको अवधारणा आदी मापदण्ड बनाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था लेखा जोखा प्रणालीलाई संस्थागत गरिनेछ ।

## १०. सम्भाव्य जोखिम र निराकरणका उपायः

उल्लेखित रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहायवमोजिमको उपायहरु अवलम्वन गरिनेछ ।

| क.स. | सम्भावित जोखिमहरु | जोखिम न्युनिकरण गर्ने उपायहरु | जिम्मेवार शाखा र निकाय |
|---|---|---|---|
| १. | सामाजिक समावेशीकरणको विषय स्थानीय तहको प्राथमिकतामा नपर्नु । | सामाजिक समावेशीकरणको निती निमार्ण गरि प्राथमिकतामा राख्ने | नगरपालिका सभा, नगरकार्यपालिका |
| २. | सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच स्थापित नहुनु । | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्सांकन गर्ने तथा लक्षित कार्यक्रम संचालन गर्ने । | नगरपालिका बिभिन्न शाखा |
| ३. | नीति कार्यान्वयनमा सरोकारवालाहरुका बिचमा प्रभावकारी समन्वय नहुनु । | नगरपालिकाको नीति कार्यान्वयन समितीको नियमित बैठक व्यवस्था गर्ने । | महिला बिकास शाखा, नगरपालिका सरोकारवालाहरु |
| ४. | सहभागीतामुलक योजना तर्जुमा नहुनु | योजना तर्जुमा प्रकियामा सामाजीक समावेशीकरणलाई प्राथमिकतामा राखि अर्थपुर्ण सहभागीतामा जोड दिने । | योजना शाखा, नगरपालिका |

## ११. नीति कार्यान्वयनका लागि क्रियाकलापहरु र जिम्मेवार निकायहरु:

सामाजिक समावेशीकरण नीतिको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिका, सहकारी संस्था, गैर सरकारी संस्थाहरु, सामुदायिक संस्था एवं नागरिक समाजबीच सहकार्य, साझेदारी र समन्वय गरी सम्बन्धित सरोकारवालाहरुलाई सामाजिक समावेशीकरणप्रति उत्तरदायी बनाउन विभिन्न तहबाट देहाय बमोजिमका क्रियाकलापहरु गर्नु पर्नेछ ।

| क.स. | क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | मापनका स्रोत |
|---|---|---|---|---|
| १. | सरोकारवालाहरुलाई सामाजिक समावेशीकरण नीतिको अभिमूखीकरण गर्ने । | नगरपालिका | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | प्रगति प्रतिवेदनहरु |
| २. | सामाजिक समावेशीकरण सम्बन्धी सूचनामूलक सामाग्रीको प्रकाशन तथा संप्रेषण गर्ने । | नगरपाकिा | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | प्रकाशन तथा वेभसाइड |
| ३. | सामाजिक समावेशीकरण सम्बन्धी लक्षित कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने | नगरपालिका | योजना शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | प्रतिवेदनहरु |
| १. | नगरपालिकाले ले आफ्नो सिमा भित्रका भौगोलिक अवस्थिति, आर्थिक र सामाजिक रुपले पिछडिएको समुदायसंग सम्वन्धित खण्डीकृत तथ्यांक अध्यावधिक गर्ने | नगरपालिका, | सुचना तथा प्रविधी शाखा | वेभसाइड |
| २. | तथ्यांकका आधारमा सामाजिक समावेशी वजेट तथा कार्यक्रम तर्जुमा गर्ने | नगरपालिका | योजना शाखा | बार्षिक योजना |
| ३. | नेपाल सरकार र प्रदेश सरकारसंगको समन्वय, सहकार्यमा स्थानीय तहमा सामाजिक समावेशीकरण सम्बन्धी विशेष कार्यक्रम संचालन गर्ने । | नगरपालिका | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | बार्षिक योजना |
| ४. | स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूलाई सामाजिक समावेशीकरण सम्बन्धी अभिमूखीकरण गर्ने । | नगरपालिका | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | अभिमुखिकरण प्रतिवेदन |

| | | | | |
|---|---|---|---|---|
| ५. | स्थानीय तहबाट प्रदान गरिने सबै प्रकारका क्षमता विकास सम्वन्धी कार्यक्रमलाई समावेशीकरणका मान्यता अनुरुप बनाउने । | नगरपालिका | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | क्षमता बिकासको कार्यक्रम मेनुयल तयारी |
| ६. | स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन तथा जवाफदेहिता सम्वन्धी संयन्त्रलाई समावेशी बनाउने । | नगरपालिका | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | कार्यबिधी र सहभागी उपस्थिती |
| ७. | गैरसरकारी संघसंस्था, सामुदायिक संस्था, सहकारी तथा निजी क्षेत्रलाई सामाजिक समावेशीकरण उत्तरदायी योजना तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्न निर्देशन र सहजीकरण गर्ने। | नगरपालिका | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | कार्यबिधी र मार्गानिर्देशन |
| ८. | सबै प्रकारका हिंसा, विभेद, कुरीति, कुप्रथा विरुद्ध सचेतनामुलक कार्यक्रम संचालन गर्ने । | नगरपालिका, साझेदार संघसंस्था | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | बार्षिक कार्यक्रम र प्रगति प्रतिवेदन |

## १२. संस्थागत संरचना

सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति:

यस नीतिमा भएका प्रावधानलाई स्थानीय तहमा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै नीति अनुरुप सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस नगरपालिकामा देहायवमोजिमको सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहनेछ ;

क) प्रमुख, नगरपालिका- संयोजक

ख) उपप्रमुख, नगरपालिका- सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) संयोजक, सामाजिक विकास समिति- सदस्य

घ) टोल विकास संस्थाका प्रमुखहरु मध्ये एक जना, - सदस्य

ङ) सामुदायिक संघ संस्थाहरुमध्येबाट संयोजकले तोकेका कम्तिमा दुई जना महिला सहित पाँच जना- सदस्य

च) प्रमुख, महिला, बालबालिका र जेष्ठ नागरिक शाखा- सदस्य सचिव

**समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

१. सामाजिक समावेशीकरणलाई नगरपालिकाको विकास कार्यक्रममा मूप्रवाहीकरण गर्ने,

२. सामाजिक समावेशीकरणको कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निभाउने,

३. सामाजिक समावेशीकरण नीति अनुरुप सामाजिक समावेशीकरण कार्यविधि तयार गरी कार्यान्वयन गर्ने गराउने,

४. नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य सरोकारवालाहरुसँग कार्यगत समन्वय कायम गर्ने,

५. नीति कार्यान्वयन सम्बन्धी अनुगमन र मूल्यांकन गर्ने गराउने,

६. महिला, बालबालिका तथा वञ्चितिमा परेका समुदायको खण्डिकृत तथ्याङ्क संकलन एवम् विश्लेषण गर्ने र उक्त तथ्यांकहरु बिद्युतिय सुचना प्रणालीमा प्रविष्ट गर्ने ।

७. आवधिक, बार्षिक योजना तर्जुमा, कार्यान्वयन, बजेट बाँडफाट, खर्चको लेखाजोखा, अनुगमन तथा मुल्यांकन प्रणाली सामाजिक समावेशीकरण मैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समावेशीकरणका लागी आवश्यक सुझाव दिने,

८. सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

साधारणतय यस समितीको वैठक चौमासिक रुपमा वस्नेछ । आवश्यकता अनुसार समितिको वैठक जुनसुकै वेला पनि वस्न सक्ने छ ।

**१३. नीतिको पुनरावलोकन तथा सुधारः**

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्यांकन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा सुधार गर्ने अधिकार भीमेश्वर नगरपालिकालाई रहने छ । सामान्यतय पाँच वर्ष पछि यस नीतिको पुनरावलोकन गरिने छ ।

**१४. खारेजी र बचाउ**

यस अघि भए गरेका सामाजिक समावेशीकरण सम्बन्धी सम्पूर्ण काम कारवाही यसै नीति बमोजिम भएको मानिने छ ।

प्रमुख प्रशासकीय अधिकृत